# बबई गाउँपालिकामा असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्वन्धी मापदण्ड २०७६

कोभिड १९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थावाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवनयापनको लागि स्थानिय तहवाट राहत उपलब्ध गराउने गरि बबई गाउँकार्यपालिकाले गरेको अधिकार प्रत्यायोजन अनुसार गाउँपालिका अध्यक्षवाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्डको नाम " बबई गाउँपालिकामा असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्वन्धी मापदण्ड २०७६" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधीसम्मको लागि लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा-

(क) "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग" भन्नाले दैनिक रुपमा कामकाज गरि पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ वमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनुपर्छ ।

(ख) "असहाय" भन्नाले कसैको लालनपालनमा रही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्वा,मस्जिद, गुरुद्वार, चर्च, वा वृद्धाश्रममा वस्ने व्यक्ति सम्झनुपर्छ ।

(ग) "राहत" भन्नाले नेपाल सरकारवाट निर्णय भएवमोजिम सम्वन्धित स्थानिय तहले दफा ३ वमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ वमोजिमको सामग्री सम्झनुपर्छ ।

(घ) "स्थानिय तह भन्नाले" भन्नाले बबई गाउँपालिका सम्झनु पर्छ ।

३. **अभिलेख राख्नुपर्ने:** (१) यस मापदण्ड वमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्वन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछ ।

(क) पसलवाट ग्राहकको घर सम्म सामान ओसार प्रसार गर्ने श्रमिक

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने वाटोमा आवश्यक वस्तुहरु ओसार प्रसार गर्ने व्यक्ति

(ग) ट्रक, टिप्पर, भ्यानवाट सामान लोड अनलोड गर्ने श्रमिक

(घ) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरि काम गर्ने कृषि मजदुर,

(ङ) आफ्नो नातेदार वाहेकको व्यक्तिको परिवार दैनिक ज्यालादारीमा सरसफाई शिशु तथा जेष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

(च) गिट्टी कुट्ने, वालुवा चाल्ने तथा ईट्टा भट्टामा कामगर्ने मजदुर,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीका काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) नाङ्लो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला तथा साईकलमा सामान विक्रि वितरण गरि गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

(झ) देहायका यातायात मजदुर,

१) अन्य व्यक्तिको माल वाहक सवारी तथा टेलीभर भ्यान चलाउने सवारी चालक, सहचालक

२) दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी वा टेम्पो चलाउने सवारी चालक,

३) रिक्सा तथा ठेलागाडा चालक,

४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर।

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैचा, बुट्टा तथा जरी भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर।

(ट) स्थानिय तहमा दैनिक ज्यलदारीमा काम गर्ने अन्य व्यक्ति।

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसुचि १ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तिन दिन भित्र तयार गरि सार्वजनिक गर्नुपर्नेछ।

४. **<u>राहत वितरण गर्नुपर्ने:</u>** दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखी दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ।

५. **<u>राहत सामाग्री:</u>** (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरुलाई प्रति परिवारका देहायका सामाग्री राहत स्वरुप वितरण गरिनेछ।

(क) चामल ३० किलोग्राम सम्म

(ख) दाल २ किलोग्राम सम्म

(ग) नुन २ पाकेट सम्म

(घ) खानेतेल २ लिटर सम्म

(ङ) साबुन २ वटा सम्म

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा १ परिवारलाई १ ईकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ।

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखीएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनी संग संगै रहेका परिवारका कुनै सदस्यले यस अवधीमा कुनै वैकल्पीक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोसजमको राहत सामाग्री वितरण गरिने छैन।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखीएको एकै परिवारको १ भन्दा बढि सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन।

६. **<u>वितरण गर्ने विधि:</u>** (१) देहायको विधि अवलम्बन गरि दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नुपर्नेछ।

(क) यस गाउँपालिकाले संचालन गरेको ववई खाद्य बैंकमा जम्मा भएको खाद्यान्न र गाउँपालिकाले सामाग्री खरिद गरि वितरणका लागि सम्बन्धित वडाहरुलाई उपलब्ध गराउने।

(ख) वडा समितिले उप दफा १ (क) बमोजिम खाद्य सामाग्री वितरण गर्दा सर्वदलिय सर्वपक्षीय समिति र प्रहरी प्रशासनको उपस्थितीमा वितरण गर्ने।

(ग) सम्वन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकिय समस्याका कारणले वडा समितिवाट वितरण गर्न नसक्ने अवस्थामा देहाय वमोजिम गर्ने

१) स्थानिय तहले आफ्नो क्षेत्र भित्र दफा ५ वमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानिय आपुर्तिकर्तावाट मूल्य सूचि लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

२) दफा ३ वमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्तावाट राहत सामाग्री उपलब्ध गराउने ।

७. **राहत वितरणको अभिलेख र प्रतिवेदन:** (१) सम्वन्धित वडाले वितरणको अनुसूची २ वमोजिमको राहत वितरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नुपर्नेछ र एक प्रति सम्वन्धित स्थानिय तहका कार्यालयमा पठाउनुपर्नेछ ।

(२) प्रत्येक स्थानिय तहले राहतको प्रतिवेदन अनुसूची ३ वमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्नेछ ।

(३) संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नुपर्नेछ ।

८. **कारवाही सम्वन्धी व्यवस्था:** (१) यस मापदण्डमा तोकिएको मापदण्ड पुरा नभएका व्यक्तिले झुठा विवरण पेश गरि राहत लिनु वा दोहोरो राहत लिनु हुदैन ।

(२) यस मापदण्डको प्रतिकुल हुने गरिराहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन वमोजिम कारवाही गरि त्यस्तो सिफारिस गर्ने पदाधिकारीवाट निजले सिफारिस गरेको सिफारिस गरेको रकम सम्वन्धीत स्थानिय तहले निजवाट असुल उपर गर्नुपर्नेछ ।

०६६।१२।२०
भुवनेश्वर पौडेल
अध्यक्ष

अनुसूची - १
(दफा ३ संग सम्बन्धित)
**अभिलेखको ढाँचा**

**राहत प्राप्त गर्ने व्यक्तिको विवरण**

(१) नाम थर:
(२) वावुको नाम:
(३) वाजेको नाम:
(४) स्थायी ठेगाना:
(५) हालको ठेगाना:
(६) टेलिफोन तथा मोवाईल नं.:
(७) दैनिक ज्यालादारीमा कार्यरत स्थान:
(८) पेश गर्ने गरेको कामको विवरण:
(९) पेश गरेको कागजातको विवरण: (तपशिल वमोजिमको कुनै एक)
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
(ख) सवारी चालक अनुमतीको प्रतिलिपी
(ग) अन्य:
(१०) राहत लिने व्यक्तिको स्व घोषणा: पेश गर्ने गरेको कामको विवरण:

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमवाट आयआर्जन गरेका छैन्न । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण साँचो हो र व्यहोरा फरक परेमा प्रचलित कानुन वमोजिम सहँला वुझाउँला ।

निवेदक:
दस्तखत:
मिति:

औंठाको छाप
दायाँ वायाँ

सिफारिस गर्ने:

टोल विकासका संस्थाका पदाधिकारी:
दस्तखत:
नाम:
पद:
मिति:

वडा समितिका पदाधिकारी:
दस्तखत:
नाम:
पद:
मिति:



०७६।१२।२०
भुवनेश्वर पौडेल
अध्यक्ष

अनुसूची - २
(दफा ७ को उपदफा (१) संग सम्बन्धित)

# बबई गाउँपालिका

वडा नं..... को कार्यालय

................दाङ

## राहत वितरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | वावुको नाम | वाजेको नाम | राहतको विवरण | राहत वुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

दस्तखत:

नाम थर:

टेलिफोन



०७६।१२।२०
...श्वर पौडेल
अध्यक्ष

अनुसूची - ३
(दफा ७ को उपदफा (२) संग सम्वन्धित)

# बबई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

## राहत वितरणको प्रतिवेदनको ढाँचा

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | वावुको नाम | वाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रतिवेदन गर्नेको

दस्तखत:

नाम थर:

टेलिफान नं.:

066/12/20

भुवनेश्वर पौडेल
अध्यक्ष